आज मिति २०७७ साल भाद्र महिनाको १८ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मानन्धरज्यू को अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिलका निर्णयहरू गरियो।

## तपशिल

| दस्तखत | पदाधिकारीको नाम,थर | पद |
|---|---|---|
| | श्री खिम नारायण मानन्धर | गाउँपालिका अध्यक्ष |
| | श्री झनमाया पराजुली | गाउँपालिका उपाध्यक्ष |
| | श्री भिमबहादुर भुजेल | वडाध्यक्ष १ न. वडा |
| | श्री पर्शु राम सिग्देल | वडाध्यक्ष २ न. वडा |
| | श्री लेखबहादुर क्षेत्री | वडाध्यक्ष ३ न. वडा |
| | श्री चिन्तामणि शर्मा | वडाध्यक्ष ४ न. वडा |
| | श्री डन्डबहादुर राना | वडाध्यक्ष ५ न. वडा |
| | श्री श्री नरबहादुर थापा | वडाध्यक्ष ६ न. वडा |
| | श्री केशमाया थापा | वडाध्यक्ष ७ न. वडा |
| | श्री हिममाया थापा | कार्यपालिका सदस्य |
| | श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य |
| | श्री रेखा वि.क. | कार्यपालिका सदस्य |
| | श्री धनमाया राना | कार्यपालिका सदस्य |
| | श्री महेन्द्र गोतामे | कार्यपालिका सदस्य |
| | श्री सुरजबहादुर नेपाली | कार्यपालिका सदस्य |
| पर्शुराम उपाध्याय प्रमुख प्रशासकीय अधिकृत | प्र.प्र.अ.श्री पर्शुराम उपाध्याय | सदस्य-सचिव |

२०७७/५/१८

| | | |
|---|---|---|
| | बिदुर सिग्देल | अधिकृत छैटौ हरिनास गाउँपालिका हरिनास स्याङजा |
| | महेश्वर अर्याल | अधिकृत छैटौ हरिनास गाउँपालिका हरिनास स्याङजा |
| | मोल बहादुर थापा | सहायक पाँचौ हरिनास गाउँपालिका हरिनास स्याङजा |

निर्णय न. १

निर्णय नं १ माथि छलफल गर्दा यस गाउँ पालिकाको कार्यालयमा नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट पदस्थापन भै आउनु भएका श्री पर्शुराम उपाध्याय ज्यूलाई यस गाउँपालिकामा हार्दिक स्वागत तथा सम्मान गर्ने र बिदा भएर जानुभएका प्र.प्र.अ. श्री प्रेम चन्द्र अर्याल ज्यूलाई हार्दिक धन्यवाद दिने निर्णय गरियो ।

निर्णय नं. २

निर्णय नं २ माथि मिति २०७७/११/१४ को करार पदपूर्तिका लागी सुचना प्रकाशन भएका आइटी अफिसर,रोभिङ अनमी भिपि नर्स र ल्या.अ.पदहरुलाइ रद्द गर्ने गरियो ।साथै निजहरुले यस कार्यालयमा दरखास्त पेश गर्दा बुझाएको नगद रुपैया सक्कल भौचर पेश गरेमा भुक्तानी दिने र विभिन्न सेवा र समूहमा कार्यरत करार कर्मचारीको २०७७/०४/०१ दखि २०७७ पौस मसान्त सम्मका लगि म्याद थप गर्ने , स्वीकृत दरबन्दी र आधारभुत स्वास्थ्य सेवा तर्फका प्राविधिक पद तथा रिक्त कार्यालय सहयोग पदहरु करार विज्ञापन गरि पुनः सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

निर्णय नं ३ माथि छलफल गर्दा आ व ०७७/०७८ को गाउँ सभा दोस्रो बैठक आश्विन ५ गते आवहान गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

निर्णय नं ४ माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यलयमा सूचना प्रविधि अधिकृतको पद रिक्त रहेकोमा गत आ व मा विज्ञापन भएको र प्रयास संख्यामा आवेदन नपरेको हुँदा सूचना प्रविधि क्षेत्रमा नेपाल सरकारसँग सहकार्य गर्दै स्थानिय सुशासन तथा सुदृणिकरण कार्यक्रम सँग संमन्वय गरि करार विज्ञापन मार्फत पदपूर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

निर्णय नं ५ माथि छलफल गर्दा गाउँपालिकामा कार्यरत अ सब ईन्जिनियर हरुको पदस्थापन स्वीकृत दरवन्दी बमोजिम गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

निर्णय नं ६ माथि छलफल गर्दा चालु आ व २०७७/०७८ मा ठेक्का मार्फत संचालन गर्नपर्ने खरको छाना विस्थापन कार्यक्रम अन्तर्गत जस्तापता खरिद, दग्दी - कुलुङखोला - दोभान- बडहर भन्ज्याङ - किहुँ जोडने मोटरबाटो, लाई e-GP सार्वजनिक खरिद अनुगमन कार्यलयसँग समन्वय गरि ठेक्का सुचना निकाल्ने निर्णय गरियो ।

निर्णय नं. ७

निर्णय नं ७ माथि छलफल गर्दा चालु आ व २०७७/०७८ मा यस गाउँपालिका भित्र संचालन हने योजना तथा कार्यक्रम संचालन गर्नका लगि गत आ व मा संचालनमा ल्याइएको योजना किताबलाई परिमार्जन सहित प्रयोगमा ल्याउने निर्णय गरियो ।

निर्णय नं. ८

निर्णय नं ८ माथि छलफल गर्दा गाउँपालिकामा कार्यरत प्रमुख प्रसासकिय अधिकृत ज्यूको निवास प्रयोजनार्थ एक घर

CamScanner

निर्णय नं. ९

निर्णय नं ९ माथि छलफल गर्दा आ व २०७६/०७७ को म.ले.प. प्रतिवेदन माथि व्यापक छलफल गरि सो प्रतिवेदनले औल्याएका नीतिगत, सैदान्तिक तथा असुलउपर सम्बन्धि प्रतिवेदनलाई कार्यन्वयन गर्ने निर्णय गर्ने।

निर्णय नं. १०

निर्णय नं १० माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यलयको लागि निम्न अनुसारको सामग्री खरिद गर्ने निर्णय गरियो ।

| क स | सामानको विवरण | स्पेसिफिकेसन/विवरण | माग गरिएको | | कैफियत |
|---|---|---|---|---|---|
| | | | इकाई | परिमाण | |
| १ | सवारी साधन/बाइक | १५० सी सी (off road) | गोटा | ६ छ | |
| २ | ल्यापटप/कम्प्युटर | i5/i7,10th Gen | गोटा | ६ सात | |
| ३ | कम्प्यूटर डेस्टव | डेस्टव | गोटा | ४ चार | |
| ३ | अफिस फर्निचर | कुर्सि/टेबल | सेट | ७ सात | |
| ४ | प्रिन्टर साधा/ फोटोकपी मेसीन | प्रिन्टर/ फोटोकपी मेसीन | गोटा | ५ तिन | ४ प्रिन्टर १ फोटोकपी मेसीन |
| ५ | PPE and First Aid Kit&TV | | सेट | ९ नौ | १ TV समेत |
| इन्जिनियरिंग उपकरण तथा सामान | | | | | |
| ६ | Total Station | | सेट | १ एक | |
| ७ | levelling Machine | | सेट | १ एक | |
| ८ | GPS | | सेट | १ एक | |
| ९ | Altimeter | | सेट | २ दुइ | |
| १० | Scientific Calculator | | गोटा | ८ आठ | |
| ११ | Data Storage devices | HARD DRIVE AND PENDRIVE | गोटा | ८ आठ | |
| १२ | Measuring Tape | | गोटा | १ एक | |

निर्णय नं. ११

निर्णय नं. ११ मा छलफल गर्दा कोभिड-१९ को कारणले गर्दा यस गाउँपालिका भित्रका सरकारी सामुदायिक विद्यालयहरुमा पठन पाठन हुन नसकी विद्यार्थीहरु घरमै रहेको र वैकल्पिक भर्जुअल विधवाट अध्ययन अध्यापन गराउन इन्टरनेटको पहुंच नभएको हुँदा वैकल्पिक शिकाइ विधि अन्तरगत स्वअध्ययन सामाग्री मार्फत सिकाइ प्रकृयालाइ अगाडी बढाउन आवश्यक रहेकोले वैकल्पिक सिकाइ विधिका सामाग्री खरिद गरी सम्वन्धित विद्यालय मार्फत विद्यार्थिलाइ पुराउन आवश्यक रहेकोले न्यूनतम रु चारलाख रुपैया संचालन खर्च शिर्षकबाट भुक्तानी हुने गरी रकम विनियोजन गर्ने निर्णय गरियो ।

CamScanner

(खिल नारायण मानन्धर)
अध्यक्ष

पशुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १२

निर्णय नं १२ माथि छलफल गर्दा गण्डकी प्रदेश सरकारको प्रदेश राजपत्र अनुसार स्थानिय पदाधिकारीको सेवा सुविधा सम्बन्धि ऐन २०७७ अनुसार गाउँपालिका अध्यक्षका लागि तोकिए बमोजिम स्वकिय सचिव नियुक्तिका लागि प्रकृया बढाउने निर्णय गरियो ।

निर्णय नं. १३

निर्णय नं. १३ मा छलफल गर्दा यस गाउँपालिकामा रहेको ट्याक्टरलाइ कार्यालयको कार्य प्रयोजन बाहेक अन्य व्यक्ति वा संस्थाले प्रयोग गरेमा दैनिक रु सातहजार रुपैयामा भाडा लाग्ने गरी भाडादर कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

निर्णय नं. १४ मा छलफल गर्दा बर्षातको समयमा यस गाउँपालिका भित्रका जनताहरुबाट पर्न आएका निवेदनहरु उपर छलफल गर्दा निम्नानुसार समिति गठन गरी सम्वन्धित स्थानमा गइ अनुगमन गरे पश्चात मात्र पर्न आएका निवेदक हरुलाइ आर्थिक सहायता गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

निर्णय नं. १५ मा छलफल गर्दा यस पालिकालाइ आधुनिक प्रविधि अनुरुप डिजिटल पालिका निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

निर्णय नं. १६ मा छलफल गर्दा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तोकिए बमोजिमको मापदण्ड कायम हुने गरी गाउँपालिकाको भवन निर्माणका लागी डिपिआर तयार गर्न बिसलाख रुपैया बिनियोजन गरी कारवाइ अगाडी बढाउने निर्णय गरियो ।

(खिल नारायण मानन्धर)
अध्यक्ष

पशुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

(खिल नारायण मानन्धर)
अध्यक्ष

पशुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत